# विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्तिपरक अध्ययन

## पहिलो अध्याय

### १. शोधकार्यको सैद्धान्तिक परिचय

### १.१. शोध प्रबन्धको शीर्षक र यसको परिचय

प्रस्तुत शोध प्रबन्धको शीर्षक **विजय मल्लका नाट्य कृतिहरूको प्रवृत्तिपरक अध्ययन** रहेको छ।

विजय मल्ल (वि. सं. १९८२ - वि. सं. २०५६) समग्र नेपाली साहित्य जगतका एक बहुप्रतिभा सम्पन्न साहित्यकार हुन्। आधुनिक नेपाली साहित्यका कविता, कथा, उपन्यास र नाटकका क्षेत्रमा तिनी अग्रिम पङ्क्तिमा प्रतिनिधि साहित्यकार हुन्। तथापि नाटक विधामा तिनलाई सर्वाधिक सफलता र प्रसिद्धि प्राप्त छ। मल्ल मूलतः मनोविश्लेषणवादी धाराका नाटककार हुन्। त्यसबाहेक विविध प्रवृत्ति र वैशिष्ट्य पनि तिनका नाटकहरूमा भेटिन्छन्। तर अझसम्म विजय मल्लका नाट्यकारिता र उपलब्धिलाई लिएर सविस्तार शोध, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भरपर्दो रुपमा हुन सकेको भेटिँदैन। जे जति भएका छन् ती सतही, एकाङ्की र आंशिक मात्रै भएका छन्। तिनका प्रत्येक विधागत योगदान र वैशिष्ट्यलाई लिएर पृथक-पृथक अनुसन्धान एवम् शोध गर्ने ठाउँ पर्याप्त भेटिन्छ। नाटककै क्षेत्रमा पनि पूर्णाङ्की र एकाङ्की स्वरुपका तिनका असङ्ख्यौं उत्कृष्ट नाट्य रचनाहरु छन्। अतः विजय मल्लका उपलब्ध एवम् प्रकाशित ती नाट्य रचनाहरूलाई लिएर कुनै ठोस शोध कार्य गर्नु युक्तिपूर्ण र समीचीन ठहर्छ। यहाँ त्यही सङ्कल्पलाई लिएर विजय मल्लका उपलब्ध एवम् प्रकाशित नौवटा नाटकहरूलाई आधार गरी प्राज्ञिक एवम् बौद्धिक दृष्टिकोण शोधपरक कार्य गर्ने ध्येय लिइएको छ। यसैले, शोध कार्यको विषय **विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्तिपरक अध्ययन** प्रस्तावित तथा मनोनीत गरिएको छ।

### १.२. समस्या कथन

आधुनिक नेपाली साहित्यको सृजना र विकासमा विजय मल्लका बहुमुखी प्रतिभाको

योगदान उल्लेखनीय छ। कविता, कथा, उपन्यास र नाटक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने मल्लले नेपाली साहित्यका चारै विधाहरूमा कलम चलाएर समान सफलता र प्रतिष्ठा अर्जन गरेका छन्। आधुनिक नेपाली साहित्यका ती विधाहरूमा विजय मल्ल प्रतिनिधि साहित्यकारका रूपमा सुप्रतिष्ठित छन्। तिनको प्रखर र विशिष्ट साहित्यिक व्यक्तित्व चाहिँ नाटककारकै रूपमा गौरवशाली बनेको भेटिन्छ। तिनका कविता, कथा, उपन्यास तथा नाट्यकृतिहरू बारे केही शोधपरक अध्ययन भइसकेको पाइए तापनि तिनका नाट्य कृतिहरूलाई मात्र लिएर तिनीहरूको प्राज्ञिक विश्लेषण र मूल्याङ्कन चाहिँ हुन सकेको पाइन्न। तिनका प्रायः एक दर्जन पूर्णाङ्की र तीन दर्जनभन्दा अधिक एकाङ्कीहरू प्रकाशित रूपमा उपलब्ध छन्। तर बहु-लोकप्रिय रहेको तिनको नाट्यकारिता वा नाट्यशिल्पलाई लिएर सिङ्गो र समग्र दृष्टि पुऱ्याई कुनै शोध वा अनुसन्धान गर्ने कार्य कसैबाट हुनसकेको पाइँदैन। त्यसैले प्रस्तुत शोध प्रबन्धमा मल्लका नाट्यकृति (पूर्णाङ्की)हरूको प्रवृत्तिपरक अध्ययन गर्ने कार्यलाई प्रमुख समस्याको रूपमा ग्रहण गरिएको छ। उक्त प्रमुख समस्यासँग गाँसिएका अन्य समस्याहरूमा–

(क) नाटककार मल्लका नाट्यकारितामा के कस्ता विशिष्टता छन्? (ख) वस्तुपक्ष र शिल्पपक्षका विशिष्टताहरू के-के छन्? (ग) तिनका नाट्यकृतिहरूको के-कस्तो महत्व र मूल्य छ? (घ) तिनका नाट्यकारिताको प्रभाव र प्राप्ति के-कस्ता छन्? (ङ) तिनका नाट्योपलब्धिको सार्थक्ता के-कस्ता छन्? (च) नेपाली नाटकको विकासमा उनका नाटकहरूले के कस्तो थप आयाम दिएका छन् र उनका नाट्यकृतिहरूको के कस्तो महत्व र मूल्य छ? प्रस्तुत शोधकार्य यिनै प्राज्ञिक समस्याहरूको अध्ययनसँग सम्बन्धित रहेको छ।

विजय मल्लको आख्यानगत मूल प्रवृत्ति मनोवैज्ञानिक यथार्थ हो। तिनका नाट्य रचनाहरू पूर्णाङ्की एवम् एकाङ्कीका स्वरुपहरूमा प्राप्य छन्। मल्लका दुवै स्वरूपका पूर्णाङ्की र एकाङ्कीका ती नाट्य रचनाहरूलाई एकत्रित रूपमा शोध कार्यको विषय बनाउँदा विषयवस्तु धेरै व्यापक हुने र शोध कार्य केही सतही हुने सम्भावना देखिने हुनाले यहाँ विजय मल्लका पूर्णाङ्की नाटकहरूलाई मात्र शोध कार्यको विषय बनाइएको छ। उपलब्ध पूर्णाङ्की वा नाट्यकृतिहरू र एकाङ्कीहरू सङ्ख्यात्मक रूपमा पनि बढ़ी भएकाले र तिनका विषयगत पक्षहरू पनि व्यापक भएकाले तिनलाई अलग अलग गरी

अध्ययन गर्नु बढ़ी  समीचीन र युक्तिपूर्ण हुने देखिन्छ। पूर्णाङ्की र एकाङ्की दुवैलाई 'नाटक'-द्वारा नै अभिहित गर्न सकिए पनि ती दुवैमा स्वरुपगत वैभिन्यता अवश्य रहेको छ। वस्तुगत दृष्टिले पूर्णाङ्की एकाङ्कीभन्दा धेरै व्यापक हुन्छन्। शिल्पगत दृष्टिले पनि एकाङ्कीको प्रस्तुति पूर्णाङ्कीभन्दा बढ़ी ध्रुवीकृत हुने हुन्छ। अत: पूर्णाङ्की र एकाङ्कीमाझका कतिपय स्वरूपगत र प्राविधिक पक्षहरूलाई विचार गर्दा ती दुवैको अलग-अलग अध्ययन र विश्लेषण हुनु नै बढ़ी वैज्ञानिक एवम् उचित ठहर्छ। त्यसबाहेक यी दुवै स्वरूपहरू अझसम्म स्वतन्त्र विधाकै रूपमा परिचित भइसकेका तथ्यलाई पनि अस्वीकार गर्न सकिँदैन।

अत: नाटककार विजय मल्लका(वि. सं. २००४ देखि वि. सं. २०४८ सम्म) प्रकाशित पूर्णाङ्कीहरूमाथि मात्र केन्द्रित रहेर आधुनिक नाट्य सिद्धानका आधारमा ती नाटकहरूको तात्त्विक विश्लेषण गर्नु, तिनमा परिलक्षित विविध मूल प्रवृत्तिहरूको अनुशीलन गर्नु अनि विजय मल्लका नाट्यकारिताको मूल्याङ्कन गर्दै नेपाली नाटकका क्षेत्रमा विजय मल्लले के-कस्तो योगदान दिएका छन् भन्ने कुरामा प्रकाश पारेर तिनका नाट्य कृतिहरूको प्राज्ञिक विश्लेषण र मूल्याङ्कन प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ।

## १.३. शोधकार्यको उद्देश्य

माथि उल्लेख गरिएका समस्याहरुप्रति सचेत रहेर नाटक विवेचनाका प्रचलित सिद्धान्तहरूका आधारमा विजय  मल्लका नाटकहरूको विवेचन र विश्लेषण गर्नु अनि तिनका नाट्यकृतिहरूका मुख्य-मुख्य प्रवृत्तिहरु केलाएर तिनीहरूका विशेषता, महत्त्व र मूल्य दर्शाउनु साथै नेपाली नाटकको विकासमा विजय मल्लले दिएका योगदानको प्राज्ञिक विवेचना गर्नु यस शोधकार्यको मूल उद्देश्य हो।

## १.४. पूर्वकार्यको समीक्षा

नाटककार विजय मल्लका नाट्य रचनाहरूका बारेमा केही अन्वेषणात्मक तथा शोधमूलक कार्यहरु भएका भेटिन्छन्। विभिन्न पत्र-पत्रिकामा प्रकाशित विविध समीक्षात्मक लेख वा टिप्पणीहरूबाट विजय मल्लको नाट्यकारिता र योगदानबारे केही तथ्य थाहा लाग्दछ तापनि ती आंशिक छन् र त्यस्ता समीक्षा, टिप्पणीहरूलाई प्राज्ञिक अध्ययन मान्न सकिन्न।

यहाँ विजय मल्ल वा तिनका नाट्यकृतिहरूबारे यसभन्दा पहिले विद्वान् समालोचकहरूले समीक्षा, विवेचना आदिलाई यसरी उल्लेख गरिन्छ–

(क) **नाटककार रिमाल र विजय मल्ल**[१]– अप्रकाशित शोध-पत्रअन्तर्गत 'नाटककार विजय मल्ल' शीर्षकको एउटा अध्यायमा शोधकर्ता पुष्कर प्रसाद लोहनीले समाजमा जरो गाड़ेको व्यवस्था, मान्यता र नैतिकतालाई एक-दुई जनाको स्वतन्त्र विचारले हल्लाउन सक्तैन। यिनै थोत्रा मान्यताभित्र दबेको व्यक्तिहरूको समूह हो **जिउँदो लास** [२] भनी विजय मल्लको चर्चित नाटक **जिउँदो लास**को विवेचना गरेका छन्।

(ख) **विचरण** नामक पुस्तकमा 'विजय मल्ल : नाटककारका रूपमा'[३] शीर्षकभित्र विजय मल्ल "चिन्तनशील नाटककारका रूपमा समका उत्तरवर्ती हुन्, यिनको **जिउँदो लास**-मा चिन्तन छ तर स्थूल नभएर मसिनिएका चिन्तनहरू छन्"[४] भनी डा. बासुदेव त्रिपाठीले चर्चा गरेको देखिन्छ।

(ग) **नाटक : एक चर्चा**[५] पुस्तकमा नाटककार विजय मल्ल स्वयम्ले 'नेपाली नाटकमा आधुनिकता' शीर्षकभित्र उनका **बहुला काजीको सपना, भोलि के हुन्छ?, कोही किन बर्बाद होस् र जिउँदो लास**-को आभ्यान्तरिक उद्देश्य सम्बन्धी सामान्य चर्चा गरेको पाइन्छ।

(घ) **विजय मल्लको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन** [६] नामक अप्रकाशित शोधपत्रमा गोविन्दप्रसाद नेपालले विजय मल्लका **बहुला काजीको सपना, भोलि के हुन्छ?, कोही किन बर्बाद होस्** र **जिउँदो लास** गरी चारवटा नाटकहरूको मात्र तात्त्विक विश्लेषण गरी तिनीहरूको मूल्याङ्कन गरेको पाइन्छ। यस शोधपत्रमा विजयका अन्य नाटकहरूको प्रासङ्गिक चर्चा गरिएको छैन र आलोच्य नाटकहरूको पनि प्रवृत्तिगत उपलब्धिबारे खास चर्चा गरिएको पाइँदैन।

---

१. पुष्कर प्रसाद लोहनी, **नाटककार रिमाल र विजय मल्ल** (अप्रकाशित शोध-पत्र), त्रि. वि. वि., नेपाली विभाग, कीर्तिपुर, वि. सं. २०२४।

२. पुष्कर प्रसाद लोहनी, **नाटककार रिमाल र विजय मल्ल** (अप्रकाशित शोध-पत्र), पूर्ववत्, पृ. १४।

३. बासुदेव त्रिपाठी, **विचरण**, भानु प्रकाशन, काठमाडौं, वि. सं. २०२८।

४. बासुदेव त्रिपाठी, **विचरण**, पूर्ववत्।

५. विजय मल्ल, **नाटक : एक चर्चा**, ने. रा. प्र. प्र., काठमाडौं, वि. सं. २०३६, पृ. ३५-३७, ४५।

६. गोविन्द प्रसाद नेपाल, **विजय मल्लको नाट्यकारिताको विश्लेषण र मूल्याङ्कन** (अप्रकाशित शोधपत्र), नेपाली शिक्षण समिति, कीर्तिपुर, काठमाडौं, वि. सं. २०३७।

(ङ) **केही अन्वेषण : केही विश्लेषण** [७] नामक आलोचनात्मक पुस्तकअन्तर्गत 'समस्या नाटक' शीर्षकमा घनश्याम उपाध्याय कँड्‌ेलले **जिउँदो लास** नाटकलाई सफल नेपाली समस्या नाटक हो भनेर चिन्हित गरेको पाइन्छ।

(च) **रश्मि**[८] पत्रिकामा घनश्याम कँड्‌ेलले 'श्री विजय मल्लसँग भेटवार्ता'[९] मा विजय मल्लको नाट्य प्रतिभा, रचनाकारिता, प्रवृत्ति, प्रयोग आदिबारे सङ्क्षेपमा प्रकाश पार्ने कार्य गरेको पाइन्छ।

(छ) **अवलोकन र विवेचन**[१०] नामक कृतिमा गोपीकृष्ण शर्माले 'जिउँदो लासको विभिन्न पक्षीय अध्ययन'[११] लेखमा सो नाटकको संरचना पक्ष, कथावस्तु, भाषा शैली, द्वन्द्व वा सङ्घर्ष आदिको समीक्षात्मक अध्ययन प्रस्तुत गरेको पाइन्छ।

(ज) **समालोचनाहरू**[१२] पुस्तकमा शिवप्रसाद सत्यालले 'जिउँदो लासको खोज'[१३] शीर्षकमा **जिउँदो लास**-को वास्तविक परिचय दिने प्रयास गरेको पाइन्छ।

(झ) भानुभक्त पोखरेलले उनको **सिद्धान्त र साहित्य**[१४] अन्तर्गत 'आधुनिक नेपाली नाटक'[१५] शीर्षकको अध्यायमा "विजय मल्ललाई महान् नाटककारको रुपमा प्रतिष्ठित गराउने नाटक **जिउँदो लास** नै हो र यो नाटक सामाजिकता, बौद्धिकता र मनोविश्लेषणको रमणीय त्रिवेणी बनेको छ"[१६] भन्दै नाटककार मल्लको **जिउँदो लास** नाटकको सङ्क्षिप्त चर्चा र मूल्याङ्कन गरेका छन्।

(ञ) दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास**[१७] पुस्तकमा **जिउँदो लास** नाटकको उल्लेख गर्दै विजय मल्लको नाट्यकारितामा फ्रायडीय मनोविज्ञानको प्रभाव छ भन्ने सङ्केत गरेका छन्।

---

७. घनश्याम उपाध्याय कँड्‌ेल, **केही अन्वेषण : केही विश्लेषण**, भीमसेन प्रकाशन, काठमाडौं, वि. सं. २०४०, पृ. ८८।

८. घनश्याम उपाध्याय कँड्‌ेल (सम्पा.), **रश्मि**, वर्ष १, अङ्क ३, काठमाडौं, पृ. ६४-७१।

९. घनश्याम उपाध्याय कँड्‌ेल (सम्पा.), **रश्मि**, पूर्ववत्।

१०. गोपीकृष्ण शर्मा, **अवलोकन र विवेचन**, रत्नपुस्तक भण्डार, काठमाडौं, वि. सं. २०४४, पृ. ७२-८१।

११. गोपीकृष्ण शर्मा, **अवलोकन र विवेचन**, पूर्ववत्, पृ. ७२-८१।

१२. शिवप्रसाद सत्याल, **समालोचनाहरू**, ने. रा. प्र. प्र., काठमाडौं, वि. सं. २०४५, पृ. १६०-१६५।

१३. शिवप्रसाद सत्याल, **समालोचनाहरू**, पूर्ववत्, पृ. १६०-१६५।

१४. भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, विराटनगर, श्याम पुस्तक भण्डार, वि. सं. २०४८, पृ. १।

१५. भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, पूर्ववत्, पृ. १७६।

१६. भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, पूर्ववत्, पृ. १७६।

१७. दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, साझा प्रकाशन, काठमाडौं, चौ. सं., वि. सं. २०४९, पृ. १५०।

(ट) **आधुनिक नेपाली साहित्यको झलक**[१८] पुस्तकमा रत्नध्वज जोशीले **जिउँदो लास** नाटकको प्रसङ्ग र त्यसको कथासारको चर्चा पनि प्रस्तुत गरेको पाइन्छ।

(ठ) **दृष्टिपात**[१९] पुस्तकभित्र लक्ष्मीप्रसाद पराजुलीले 'विजय मल्लको जिउँदो लास, एक मूल्याङ्कन' शीर्षकमा **जिउँदो लास** नाटकलाई समस्यामूलक नाटकका रुपमा देखाएको पाइन्छ।

(ड) **नेपाली साहित्यको इतिहास**[२०] मा तारानाथ शर्माले विजय मल्लको **जिउँदो लास** नाटकको संक्षिप्त चर्चा गरेका छन्।

(ढ) **प्रतिभै प्रतिभा र नेपाली साहित्य**[२१]-का लेखक घटराज भट्टराईले 'नाटककार मल्ल' शीर्षकमा जिउँदो लास नाटकलाई प्रौढ़ र चिन्तनपूर्ण नाटक ठह्न्याउँदै त्यसमा कथागत घटनागत चिन्तन र मनस्थितिको विश्लेषण रहेको देखाएका छन्।

(ण) **एकाङ्कीकार विजय मल्ल**[२२] शोधपत्रमा चैतन्य प्रकाश प्रधानले विजय मल्लका एकाङ्कीहरुका अध्ययन र विश्लेषण गरेका छन्।

(त) नागेश्वर शाह वैश्यले '**जिउँदो लास** नाटकको कृतिपरक विवेचना'-मा नाटककार विजय मल्लको परिचयका साथ नाटकको स्वरुप एवम् परिभाषा नेपाली नाटक परम्पराको परिचय दिएर **जिउँदो लास** नाटकको विवेचना गरेका छन्।[२३]

(थ) **नाटकको अध्ययन**[२४] पुस्तकमा डा. केशवप्रसाद उपाध्यायले 'एकाङ्कीकार विजय मल्ल' शीर्षकमा विजय मल्लका एकाङ्की र पूर्णाङ्की नाटकहरुको चर्चा गरेर मल्ललाई प्रयोगधर्मी नाट्यकारिताको शिलान्यास गर्ने अग्रज नाटककारका रुपमा चिनाउँदैउनलाई प्रयोगवादी अनुज नाटककारहरुलाई जोड़ेर राख्ने बलिया सेतु भन्दै उनी यस समयका महान् नेपाली नाटककार पनि हुन्[२५] भनेका छन्।

---

१८. रत्नध्वज जोशी, **आधुनिक नेपाली साहित्यको झलक**, चौ. सं., साझा प्रकाशन, काठमाडौं, चौ. सं.,वि. सं. २०५०, पृ. २३२-२३४।

१९. लक्ष्मीप्रसाद पराजुली, **दृष्टिपात**, प्रकाशक - श्रीगीता पराजुली, शोणितपुर, असम, वि. सं. २०५७, पृ. २१।

२०. तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास**, साझा प्रकाशन, काठमाडौं, ते. सं., वि. सं. २०५१, पृ. २३१-२३४।

२१. घटराज भट्टराई, **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, एकता बुक्स डि. प्रा. लि., काठमाडौं, वि. सं. २०५१, पृ. ३६३।

२२. चैतन्यप्रकाश प्रधान, **एकाङ्कीकार विजय मल्ल**(अप्रकाशित शोध-पत्र), ने. के. शि. वि., काठमाडौं, वि. सं. २०४६।

२३. नागेश्वर शाह वैश्य, **जिउँदो लास-को कृतिपरक विवेचना** (अप्रकाशित शोधपत्र), ने. के. शि. वि., काठमाडौं, वि. सं. २०५४।

२४. केशवप्रसाद उपाध्याय, **नाटकको अध्ययन**, साझा प्रकाशन, काठमाडौं, वि. सं. २०५६, पृ. २१५-२२३।

२५. केशवप्रसाद उपाध्याय, **नाटकको अध्ययन**, पूर्ववत्, पृ. २१५-२२३।

(द) गोविन्दराज भट्टराईले 'आधुनिक पाश्चात्य नाटकमा प्रयोगवादी मोड़हरु : सन्दर्भमा नेपाली नाटक' लेखमा विजय मल्लका **भोलि के हुन्छ?, नाम नभएको मान्छे** र **सपनाका सन्तानहरू** नाटकहरूको चर्चा गरेर ती नाटकहरुमा पाइने प्रयोगधर्मिताको उल्लेख गरेका छन्।[२६]

(ध) **गरिमा** [२७], पूर्णाङ्क २११ मा 'विजय मल्ल स्मृति पृष्ठ'[२८] मा डा. गणेशबहादुर प्रसाई, डा. केशवप्रसाद उपाध्याय, डा. कुमार बहादुर जोशी, शिव रेग्मी र चैतन्य प्रधानका विजय मल्लसम्बन्धी संस्मरणहरुमा मल्लको नाट्यकारिताबारे प्रासङ्गिक चर्चा गरिएका पाइन्छन्।

यसरी विजय मल्लको नाट्यकारिता र उपलब्धिलाई लिएर विभिन्न विद्वान् एवम् शोधकर्ताहरूले केही चर्चा तथा विवेचना गरेर विजय मल्लका नाटकहरूको मूल्याङ्कन गरेको पाइन्छ। केही लेखकहरूले मल्लका एकाध पूर्णाङ्की र एकाङ्कीहरूको मात्र चर्चा र विवेचना गरेका छन् भने अधिकांशले विजयको **जिउँदो लास** नाटकको मात्र चर्चा-विवेचना गरेको पाइन्छ भने मल्लका **स्मृतिको पर्खालभित्र, पहाड़ चिच्याइरहेछ, भूलैभूलको यथार्थ, माधुरी, मानिस र मखुण्डो** जस्ता नाटकहरुको सामान्य चर्चा, विवेचना पनि हुनसकेको पाइन्न। यसरी अध्ययन अनुशीलन गरेर हेर्दा विजय मल्लका नाट्यकृतिहरुबारे फाटफुट चर्चा हुनसकेको पाइए तापनि उनका सम्पूर्ण नाट्यकृतिहरुको सैद्धान्तिक विवेचना र मूल्याङ्कन हुनसकेको पाइन्न। त्यसैले प्रस्तुत शोध-प्रबन्धको शीर्षक विद्यावारिधि (पी. एच. डी.) शोधकार्यको निम्ति सान्दर्भिक र प्रासङ्गिक नै देखापर्छ।

## १.५. शोधकार्यको औचित्य

पूर्व कार्यको समीक्षाबाट के कुरा स्पष्ट हुन्छ भने नाटककार विजय मल्ललिखित नाट्यकृतिहरू बारे विभिन्न लेखकहरुले समीक्षा, समालोचना तथा टिप्पणीहरु लेखेर मल्लका नाट्यकृतिहरुको विवेचना र मूल्याङ्कन गरेको पाइए तापनि तिनका समग्र नाट्यकृतिहरुको वस्तुगत विश्लेषण, नाट्य प्रवृत्तिहरुको प्राज्ञिक विश्लेषण र विवेचना हुन

---

२६. ईश्वरवल्लभ (प्र. सम्पा.), प्रज्ञा, गोविन्दराज भट्टराई, 'आधुनिक पाश्चात्य नाटकमा प्रयोगवादी मोड़हरु', सन्दर्भमा नेपाली नाटक, पूर्णाङ्क -७६, ने. रा. प्र. प्र., काठमाडौं, वि. सं. २०४९।

२७. गोपाल पराजुली (सम्पा.), **गरिमा**, पूर्णाङ्क २११, वर्ष १८, अङ्क ७, साझा प्रकाशन, काठमाडौं, असार २०५७।

२८. गोपाल पराजुली (सम्पा.), **गरिमा**, पूर्ववत्, पृ. ५-२७।

नसकेको तथा तिनीहरूको मूल्याङ्कन पनि हुन नसकेको नपाइएकाले प्रस्तुत शोधकार्यको औचित्य रहेको पाइन्छ। यस शोध कार्यमा नाटककार विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्तिगत अध्ययन प्राज्ञिक ढङ्गले गरिएको छ र तिनका नाट्य कृतिहरूको विश्लेषण-विवेचनाका साथै तिनीहरूको मूल्याङ्कन गरिएको छ अनि नेपाली नाट्य परम्परामा विजय मल्लले गरेका योगदानमा पनि प्रकाश पार्ने प्रयास गरिएको छ। त्यसैले प्रस्तुत शोध कार्यको औचित्य रहेको छ। यस अतिरिक्त नेपाली नाट्य-परम्परामा विजय मल्लले गरेको योगदानको मूल्याङ्कन गरेर आधुनिक नेपाली नाटकका क्षेत्रमा तिनको स्थान निर्धारण गर्ने काम पनि गरिएको छ। त्यसैले प्रस्तुत शोधकार्यको औचित्यको पुष्टि हुन्छ।

## १.६. शोधकार्यको क्षेत्र र सीमा

विजय मल्ल नेपाली साहित्य जगत्का एक सशक्त प्रतिभा हुन्। कविता, कथा, उपन्यास तथा नाटक जस्ता साहित्यिक विधाहरूमा समान रुपले कलम चलाउने विजयको उर्वर साहित्यिक पक्ष चाहिँ नाटक रहेको देखिन्छ। पूर्णाङ्की र एकाङ्कीका रुपमा तिनका दर्जनौं नाट्य-रचनाहरू प्रकाशित भएका पाइन्छन्। ती प्रकाशित पूर्णाङ्की र एकाङ्की सबैलाई एउटै शीर्षकमा राखेर शोध कार्य गर्न केही सतही हुने सम्भावना देखिनाले प्रस्तुत शोध-कार्यमा मूलतः मल्लका प्रकाशित एवम् उपलब्ध पूर्णाङ्की नाटकहरूलाई शोध कार्यको मूल विषयका रूपमा लिएर तिनका नाटकमा पाइने विविध प्रवृत्तिहरूको अध्ययनमा नै शोध कार्य सीमित गरिएको छ। यसबाहेक नाटककार मल्लको नेपाली नाट्य-साहित्यमा स्थान निर्धारण गर्ने कार्य पनि यिनै सीमाभित्र राखिएको छ। सङ्क्षेपमा, मल्लका प्रकाशित एवम् उपलब्ध पूर्णाङ्कीहरूमा केन्द्रित रही तिनीहरूको प्रवृत्तिगत विश्लेषण गर्नु, विवेचना गर्नु र मूल्याङ्कन गर्नु नै प्रस्तुत शोधकार्यको क्षेत्र र सीमा हो।

## १.७. शोध-सामग्री सङ्कलन : विधि तथा पद्धति

प्रस्तुत शोध-प्रबन्धलाई सार्थक तुल्याउनलाई सामग्री सङ्कलन गर्ने दुई स्रोतहरू क्रमैले –

(क) मूल र (ख) गौण रूपमा लिइएको छ।

मूल स्रोतमा नाटककार विजय मल्लका नाट्यकृतिहरु (पूर्णाङ्कीहरु)-लाई आधार कृतिका रुपमा पुस्तकालयीय अध्ययन विधिका रुपमा लिइएको छ भने गौण स्रोतमा नाटककार र तिनका नाट्य सम्बन्धी विभिन्न विद्वान्हरुले विभिन्न ढङ्ग र दृष्टिकोणबाट गरेका समीक्षा, विश्लेषण तथा प्राज्ञिक अनुभव र टिप्पणीहरुलाई आधार गरिएको छ। सङ्कलित सामग्री अध्ययन गर्ने क्रममा प्रचलित तथा परम्परित नाट्य तात्त्विक समीक्षा परिपाटीलाई प्राथमिक विश्लेषणको मूल आधारस्वरुप अपनाइएको छ। यसै क्रममा उपलब्ध सामग्रीहरुकोक विश्लेषण र सामान्यीकरण गरी निष्कर्षमा पुग्ने क्रममा यस शोध कार्यमा मूलतः पूर्वीय र पाश्चात्य नाट्य सिद्धान्त र पद्धतिहरुको उपयोग गरिएको छ। साहित्यमा प्रचलित मनोविश्लेषणवाद, प्रतीकवाद, विसङ्गतिवाद, यथार्थवाद, अतियथार्थवाद, प्रगतिवाद, अस्तित्ववाद, प्रयोगवाद आदि सिद्धान्त वा मान्यताहरुको आलोकबाट पनि ती नाटकहरुको प्रवृत्ति-विश्लेषण गरिएको छ। एकातिर सैद्धान्तिक आधारहरुको अङ्गीकार र अर्कातिर प्रचलित मान्यताहरुको सन्दर्भबाट मूलभूत प्रवृत्तिहरुको अनुशीलन गर्ने समीक्षात्मक एवम् विश्लेषणात्मक पद्धति ग्रहण गरिएको छ।

## १.८. शोध-प्रबन्धको सङ्गठन

निर्धारित शोध-प्रबन्धको विषयलाई मूल रुपमा तीन तहमा सुसङ्गठित पारिएको छ-

(क) शोध प्रक्रियाका सैद्धान्तिक आधारहरु,

(ख) सामग्री-विश्लेषण,

(ग) निष्कर्ष-ग्रहण।

शोध प्रबन्धलाई व्यवस्थित र सुनियोजित पार्नलाई आठ अध्यायसम्म विभाजन गरिएको छ। प्रस्तुत शोध प्रबन्धका आठ अध्यायहरुमध्ये पहिलो अध्याय 'शोधकार्यको सैद्धान्तिक परिचय' शीर्षक रहेको छ। यस अध्यायमा शोध-प्रबन्धको शीर्षक, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध कार्यको औचित्य, शोध कार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र विधि शोध प्रबन्धको सङ्गठन र अध्याय विभाजन, शोध कार्यको मुख्य निष्कर्ष, भावी शोधकर्तालाई सुझाउ जस्ता सैद्धान्तिक कुराहरु रहेका छन्।

दोस्रो अध्याय 'नाटकको सैद्धान्तिक परिचय' रहेको छ। यस अध्यायमा नाटकको

अर्थ, परिभाषा र स्वरूप, नाटक सम्बन्धी पूर्वीय एवम् पाश्चात्य दृष्टिकोण, आधुनिक नाटकका संरचनात्मक तत्त्व एवम् निष्कर्ष रहेका छन्।

तेस्रो अध्याय 'विजय मल्लको व्यक्तित्व र कृतित्व' रहेको छ। यस अध्यायमा विजय मल्लको जीवनी, साहित्यिक यात्रा, उनका रचना कृतिहरू तथा व्यक्तित्वको चिनारी सहित कविता, कथा, उपन्यास, नाटक (पूर्णाङ्की तथा एकाङ्की), सम्पादन तथा समीक्षा क्षेत्रका साहित्यिक पक्ष र कृतित्वलाई सविस्तार चिनाउने प्रयास भएको छ।

चौथो अध्याय 'नेपाली नाटकको विकास-परम्परा र नाटककार विजय मल्लको नाट्य-यात्रा' अन्तर्गत नेपाली नाटकको विकास-परम्परा, काल विभाजन विभिन्न कालअन्तर्गतका प्रवृत्ति एवम् विशेषता; नाटककार विजयको नाट्य-यात्राका चरणहरू र चरणगत प्रवृत्ति एवम् उपलब्धिहरूको सविस्तार चर्चा गरिएको छ।

पाँचौं अध्याय 'विजय मल्लका नाट्यकृतिहरूको नाट्य तात्त्विक विवेचन' शीर्षकअन्तर्गत विजयका **बहुला काजीको सपना, कोही किन बर्बाद होस्, जिउँदो लास, भोलि के हुन्छ?, स्मृतिको पर्खालभित्र, मानिस र मखण्डो, भूलैभूलको यथार्थ, पहाड़ चिच्याइरहेछ र माधुरी** गरी जम्मा नौवटा पूर्णाङ्की नाट्यकृतिहरूको नाट्य-तत्त्वगत विश्लेषण र अध्ययन गरी निष्कर्ष ग्रहण गरिएको छ।

छैटौं अध्याय 'विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्ति-विश्लेषण' रेहेको छ र यस अध्यायमा वस्तुगत प्रवृत्ति र शिल्पगत प्रवृत्तिहरूको सूक्ष्म एवम् स्थूल विवेचना गरेर निष्कर्षमा पुग्ने काम भएको छ। शोध कार्यको आभ्यन्तरिक विश्लेषणको विशेष पक्ष रहेकाले पाँचौं र छैटौं अध्यायलाई समग्र प्रबन्धको मूल विवेचन-खण्ड मान्न सकिन्छ।

सातौं अध्याय 'विजय मल्लका नाट्य कृतिहरूको मूल्याङ्कन' शीर्षकअन्तर्गत विजयका नाटकहरूको मूल्याङ्कन गरिएको छ र आधुनिक नेपाली नाटकको सम्बर्द्धनमा उनले गरेका योगदानमा प्रकाश पार्ने काम गरिएको छ।

आठौं अध्याय, शोध प्रबन्धको अन्तिम अध्याय हो र यो अध्यायमा उपसंहार र निष्कर्ष पक्ष रहेको छ। यसको उपसंहार अंशमा प्रस्तुत शोध प्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको सारांश प्रस्तुत गरिएको छ अनि निष्कर्ष अंशमा प्रस्तुत शोधकार्यबाट प्राप्त उपलब्धिहरूलाई केही बुँदाहरूमा समेटेर दर्शाउने काम गरिएको छ। परिशिष्टमा

कालक्रमिक रूपमा नाटककार विजय मल्लका नाट्यकृतिहरूको रचनाकाल, प्रकाशनकाल आदिको उल्लेख गरिएको छ। सन्दर्भसूची अन्तर्गत प्रस्तुत शोध प्रबन्ध तयार पार्दा उपयोग गरिएका पुस्तक, पत्र-पत्रिकाहरूको विवरण राखिएको छ।

## १.९. भावी शोध-सम्भावना र परामर्श

प्रस्तुत शोध-प्रबन्धमा विजय मल्लका नाट्य कृतिहरूको प्रवृत्तिपरक अध्ययन गरिएको छ। आधुनिक नेपाली नाट्य परम्परामा बालकृष्ण सम, भीमनिधि तिवारी, हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल, गोविन्द बहादुर मल्ल 'गोठाले' आदि नाटककारहरूले ग्रहण गरेका नाट्य प्रवृत्तिहरूको संयोग रूप विजय मल्लका नाट्यकृतिहरूमा देख्न पाइन्छ। ती प्रवृत्तिहरूलाई चरमोत्कर्षता प्रदान गर्ने कार्य विजय मल्लबाटै भएको देखिन्छ। विषय र शैलीमा केही भिन्नता रहेको देखिए तापनि पूर्ववर्ती नाटककारहरूकै प्रवृत्तिलाई आत्मसात् गरी मल्लले मूल रूपमा मनोविश्लेषणात्मक प्रवृत्तिलाई नै देखाएका छन्। त्यसरी नै सामाजिकता, यथार्थता, समस्यामूलकता, प्रतीकात्मकता, विसङ्गतिमूलकता आदि जस्ता प्रवृत्तिहरूलाई मल्लले परिलक्षित गरेका छन्। यस सन्दर्भमा पूर्णाङ्कीका अतिरिक्त एकाङ्कीहरूको विश्लेषण र मूल्याङ्कन पनि हुनुपर्ने ठाउँ प्रशस्त रहेको छ। प्रायः चार दशकसम्म नाट्य साधनामा जुटेका मल्लको नाट्यकारिताबारे अझ समग्र रूपमा अरू विभिन्न कोण प्रतिकोण र पक्षबाट, शोध एवम् अनुसन्धान हुनुपर्ने देखिन्छ। अतः भावी शोधकर्ताका लागि शोधकार्यका सम्भाव्य विषयहरू परामर्श स्वरुप यसरी उल्लेख गर्न सकिन्छ–

(क) विजय मल्लको नाट्य-साधनाको अध्ययन र उनका नाट्यकृतिहरूको मूल्याङ्कन,

(ख) समकालीन नेपाली नाटककारहरू र तिनका नाट्यकारितासँग विजय मल्लका नाट्यकारिताको तुलनात्मक अध्ययन,

(ग) विजय मल्लका एकाङ्कीहरूको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन,

(घ) नारीवादी दृष्टिबाट मल्लको नाट्यकारिता,

(ङ) मल्लका नाटकहरूमा नारी-पात्रा प्रयोग, इत्यादि।